# क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८० (शिक्षा)
चलानी नं. : १८

मिति : २०८०/०४/२२

**विषय :- छात्रवृत्ति विवरण पेश गर्ने सम्बन्धमा ।**

श्री संस्थागत/निजी विद्यालयहरु,
क्षीरेश्वरनाथ नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा चालु शैक्षिक सत्र २०८० मा तहाँ विद्यालयहरुले संघीय शिक्षा नियमावली २०५९ को नियम १५१ को उपनियम २ तथा नगर शिक्षा ऐन २०७५ को दफा ५९ अनुसार प्रदान गर्नुपर्ने छात्रवृत्ति वितरण प्रक्रिया तथा कार्यान्वयनको प्रतिवद्धता सहितका विषयमा मिति २०८०।०४।०१ गते बसेको नगरपालिका अन्तर्गतका संस्थागत/निजी विद्यालयहरुका प्रधानाध्यापक/प्रिन्सिपल/संस्थापकहरुको बैठकबाट निर्णय समेत भईसकको व्यहोरा अवगत नै छ । यसै सन्दर्भमा तहाँ विद्यालयहरुमा अध्ययनरत/अध्ययन गर्न चाहने (कक्षा ११ को हकमा) कुन-कुन विद्यार्थीहरुलाई प्रचलित कानुन अनुसार छात्रवृत्ति प्रदान गरिएको/गर्ने हो सो को कक्षागत नामनामेसी सहितको पूर्ण विवरण तयार गरी विद्यालयको निर्णयको प्रतिलिपी सहित मिति २०८० भाद्र १५ गते भित्र अनिवार्य रुपमा यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा उपलब्ध गराउनु हुन अनुरोध छ ।

२०८०/४/२२
शिक्षा अधिकृत
दिपक खत्री
शिक्षा अधिकृत

**अवगतार्थ**

श्री नगर प्रमुख ज्यू, क्षीरेश्वरनाथ नगरपालिका, धनुषा-आवश्यक जानकारीको लागि ।
श्री न्यायिक समितिको कार्यालय, क्षीरेश्वरनाथ नगरपालिका, धनुषा- आवश्यक जानकारीको लागि ।

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाई, धनुषा ।

Email : kshireshwornathmun@gmail.com, Web : kshireshwornathmun.gov.np, Phone : 041-540077